सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

## विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY
CURRENT ACCOUNT • 2337087445300018

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष ९ ♦ अंक ३३७ ♦ २०८३ साल भदौ १२ शुक्रवार ♦ 28 Aug 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# रसुवा बाढीपछि महोत्तरीका नौ जना सम्पर्कविहीन

धर्वेन्द्रकुमार यादव 'यदुवंशी'

**भदौ ११ गते, महोत्तरी**



रसुवामा बुधबार बिहान आएको भीषण बाढीपछि महोत्तरीका नौ जना सम्पर्कविहीन भएका छन् । बाढीपछि उनीहरूसँग परिवार तथा आफन्तको सम्पर्क हुन नसकेको विवरण जिल्ला प्रशासन कार्यालय महोत्तरीले सार्वजनिक गरेको छ।

सम्पर्कविहीन हुनेमा बर्दिबास नगरपालिका-३ का मेकानिकल इन्जिनियर सौभाग्य बिष्ट, बर्दिबास-९ का जोया राना मगर, गौशाला नगरपालिका-३ रामनगरका विजय थापा मगर , पिपरा गाउँपालिका-३ का इन्जिनियर विकास यादव, और ही नगरपालिका-३ का सचिनकुमार यादव, जलेश्वर नगरपालिका-१० सारीका सुशिललाल दास, जलेश्वर-९ का राकेशकुमार यादव, लोहर पट्टी नगरपालिका-७ का युवराज पाण्डे र गौशाला नगर पालिका-८ का सितल लुङ्गेली रहेका छन् ।

उपलब्ध विवरणअनुसार सौभाग्य बिष्ट र जोया राना मगर २१६ मेगावाट क्षमताको अपर त्रिशूली-१ जलविद्युत् आयोजनामा कार्यरत हुनुहुन्थ्यो । बाढीपछि आयोजनास्थलबाट उहाँहरूसँग सम्पर्क हुन नसकेको जनाइएको छ। बिष्टसँग सम्पर्क नभएपछि परिवारका तर्फबाट ध्रुवकुमार बिष्टको सम्पर्क नम्बरसमेत राखिएको छ ।

त्यस्तै विजय थापा मगर पनि

*बाँकी पृष्ठ ३ मा*

# बाढीपीडितका लागि मधेश सरकार,जसपा र एमालेका सांसदले एक दिनको तलब दिने

खबर दर्पण समाचारदाता

**भदौ ११ गते, बर्दिवास**

भोटेकोशी र त्रिशूली नदीमा आएको बाढीका कारण पहाडी तथा नदी कोरिडोर क्षेत्रमा भएको जनधनको क्षतिप्रति ऐक्यबद्धता जनाउँदै मधेश प्रदेश सरकार र जनता समाजवादी पार्टी (जसपा) नेपालले राहतका लागि आर्थिक सहयोग गर्ने भएका छन् ।

बाढी प्रभावित नागरिकको खोज, उद्धार तथा राहतका लागि मधेश प्रदेशका मुख्यमन्त्री, मन्त्री, पदाधिकारी तथा कर्मचारीले एक दिन बराबरको तलब केन्द्रीय विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने निर्णय गरेका छन् । प्रदेश सरकारको बुधबार बसेको मन्त्रिपरिषद् बैठकले यस्तो निर्णय गरेको हो ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयकी प्रवक्ता पार्वती शर्माका अनुसार मन्त्रिपरिषद् बैठकले बाढीबाट भएको ठूलो जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै विपद्मा परी ज्यान गुमाउनेप्रति श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनप्रति समवेदना प्रकट गरेको छ ।

"मधेश प्रदेश सरकारले यस

*बाँकी पृष्ठ ३ मा*

# बाढीपीडितका लागि महोत्तरी क्षेत्र नम्बर १ बाट पाँच ट्रक राहत सामग्री पठाइयो



धनबीर महतो

**भदौ ११ गते, गौशाला**

रसुवालगायत बाढी प्रभावित क्षेत्रमा राहत सामग्री उपलब्ध गराउने उद्देश्यले महोत्तरी क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य प्रमोदकुमार महतोको नेतृत्वमा बिहीबार साँझ पाँच ट्रक राहत सामग्री पठाइएको छ ।

गौशालाबाट दुई, बर्दिबासबाट दुई र भंगहा नगर क्षेत्रबाट एक गरी पाँच ट्रक राहत सामग्री संकलन गरी बाढी प्रभावित क्षेत्रतर्फ पठाइएको हो ।

संकलित राहत सामग्रीमा चामल, दाल, भुजा, चिउरा, चिनी, दालमोठ, त्रिपाललगायत दैनिक उपभोग्य सामग्री रहेका छन् । ती सामग्री नुवाकोटस्थित एकीकृत राहत कोषमार्फत बाढी प्रभावित परिवारलाई वितरण गरिने जनाइएको छ ।

बाढी तथा पहिरोका कारण विभिन्न जिल्लामा ठूलो जनधनको क्षति भएपछि प्रभावित परिवारलाई तत्काल आवश्यक खाद्यान्न तथा अन्य सामग्री उपलब्ध गराउन स्थानीय स्तर बाट राहत संकलन गरिएको सांसद महतोको नेतृत्वको टोलीले जनाएको छ ।

यसैबीच, गौशालामा सञ्चालित समीर गेस्ट हाउसका सञ्चालक साबिर हुसेनले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा पाँच हजार रुपियाँ सहयोग गर्नुभएको छ । प्राकृतिक विपत्तिबाट प्रभावित नागरिकको राहत तथा उद्धार मा सहयोग पुऱ्याउने उद्देश्यले उक्त रकम प्रदान गरिएको उहाँले बताउनुभयो ।

बाढीपीडितका लागि महोत्तरीबाट खाद्यान्न तथा दैनिक उपभोग्य सामग्रीसहित राहत पठाइएको र थप सहयोगका लागि स्थानीय तह, व्यवसायी तथा सर्वसाधारणलाई समेत आह्वान गरिएको छ ।

# रसुवा बाढीपछि अपर त्रिशूली-१ आयोजनामा कार्यरत धनुषाका अजय प्रसाद सिंह सम्पर्कविहीन

खबर दर्पण समाचारदाता

**भदौ ११ गते, बर्दिवास**



रसुवाको भोटेकोशी क्षेत्रमा बुधबार आएको भीषण बाढीपछि २१६ मेगावाट क्षमताको अपर त्रिशूली-१ जलविद्युत् आयोजनामा कार्यरत धनुषाका अजय प्रसाद सिंह सम्पर्कविहीन हुनुभएको छ। बाढी आएयता उहाँसँग कुनै सम्पर्क हुन नसकेको परिवारले जनाएको छ।

धनुषाको कमला नगरपालिका-६, सखुवा मडान निवासी सिंह म्ययकबल ज्थमचयउयधभच अन्तर्गत निर्माणाधीन अपर त्रिशूली-१ आयोजनामा कार्यरत हुनुहुन्थ्यो। उहाँकी श्रीमती पूजा साहका अनुसार बाढी आएपछि बुधबार बिहानदेखि सिंहसँग फोन तथा अन्य माध्यमबाट सम्पर्क हुन सकेको छैन।

"बाढी आएपछि उहाँसँग अहिलेसम्म सम्पर्क हुन सकेको छैन। उहाँको अवस्था थाहा नहुँदा हामी सबै परिवारजन चिन्तित छौँ," श्रीमती साहले बताउनुभयो।

उहाँका अनुसार सिंहसँगै आयोजनामा कार्यरत केही अन्य कर्मचारी र साथीहरूसँग पनि सम्पर्क हुन सकेको छैन। साथीहरूबाट प्राप्त जानकारी अनुसार उनीहरू सवारीसाधन लिएर जाने क्रममा बाढी तथा पहिरोका कारण बाटोमै रोकिएको वा कतै फसेको हुन सक्ने अनुमान गरिएको छ। यद्यपि, सिंहको अवस्थाबारे अहिलेसम्म कुनै आधिकारिक जानकारी प्राप्त हुन सकेको छैन।

बाढीका कारण आयोजनास्थल आसपासका सडक, पुल तथा सञ्चार संरचनामा क्षति पुगेकाले त्यहाँ रहेका कर्मचारीसँग सम्पर्क स्थापित गर्न कठिनाइ भइरहेको परिवारले जनाएको छ। सिंहसहित अन्य सम्पर्कविहीन कर्मचारीको अवस्थाबारे जानकारी लिन परिवारले सम्बन्धित आयोजना, स्थानीय प्रशासन तथा सुरक्षा निकायसँग समन्वय गरिरहेको छ।

भोटेकोशी क्षेत्रमा आएको आकस्मिक बाढीले रसुवा, नुवाकोट, धादिङलगायत जिल्लामा ठूलो मानवीय तथा भौतिक क्षति पुऱ्याएको छ। जलविद्युत् आयोजना, सडक, पुल तथा अन्य संरचनामा क्षति पुगेको छ भने ठूलो सङ्ख्यामा नागरिक, कर्मचारी तथा सुरक्षाकर्मी सम्पर्कविहीन भएका छन्।

सिंहको खोजी तथा उद्धारका लागि परिवारले सम्बन्धित निकायसँग आग्रह गरेको छ। "उहाँको अवस्थाबारे कसैलाई कुनै जानकारी भएमा कृपया हामीलाई खबर गरिदिनुहोस्," श्रीमती साहले आग्रह गर्नुभयो।

अजय प्रसाद सिंहका सम्बन्धमा कुनै जानकारी प्राप्त भएमा ९८०३६४७२३० नम्बरमा सम्पर्क गरी परिवारलाई जानकारी गराउन अनुरोध गरिएको छ। परिवारजन उहाँ सुरक्षित र सकुशल रहेको खबरको प्रतीक्षामा रहेका छन्।

# बाढी प्रभावित क्षेत्रको अवलोकन गरें, अवस्था अझै चुनौतिपूर्ण छ: प्रधानमन्त्री



**खबर दर्पण समाचारदाता**

**भदौ ११ गते, बर्दिवास**

प्रधानमन्त्री वालेन्द्र शाहले रसुवा बाढीले क्षति पुऱ्याएको ठाउँको अवस्था अझै चुनौतिपूर्ण रहेको बताएका छन्।

बिहीबार बाढी प्रभावित क्षेत्र रसुवा पुगेर काठमाडौं फर्किएका शाहले सबैसँग प्रत्येक्षरुपमा जानकारी लिएको र अवस्था अझै चुनौतिपूर्ण रहेको सामाजिक सञ्जालमा लेख्दै बताएका छन्।

'आज नुवाकोट पुगेर बाढीपहिरो प्रभावित क्षेत्रको अवस्था स्वयं अवलोकन गरी काठमाडौं फर्किएँ। प्रभावित नागरिक, स्थानीय जनप्रतिनिधि, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी तथा उद्धार र राहतमा खटिनुभएका सबैसँग प्रत्यक्ष रूपमा जानकारी लिएँ।अवस्था अझै चुनौतीपूर्ण छ', उनले लेखेका छन्।

शाहले पहिलो प्राथमिकता एक-एक नागरिकको जीवनरक्षा, बेपत्ताको खोजी तथा उद्धार, घाइतेको उपचार र प्रभावित परिवारलाई तत्काल राहत पुऱ्याउनु रहेको बताएका छन्। उनले राज्यका सबै संयन्त्र पूर्ण क्षमतामा परिचालित गरिएको जानकारी गराएका छन्।

उनकाअनुसार खोजी तथा उद्धार कार्यमा नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीका कुल १३ हजार २९५ सुरक्षाकर्मी परिचालन गरिएको छ। यसमा नेपाल प्रहरीका ७ हजार २५०, नेपाली सेनाका ४ हजार २०० र सशस्त्र प्रहरी बलका १ हजार ८४५ जना रहेका छन्।

हवाई तथा स्थलमार्गबाट उद्धार कार्य निरन्तर भइरहेको जानकारी गराउँदै शाहले बिहीबार ६९ वटा हवाई उडान सञ्चालन गरी ५७३ जनाको उद्धार गरिएको बताएका छन्। हवाई उद्धारमा बिरामी, गर्भवती तथा सुत्केरी महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपांगता भएका व्यक्तिलाई प्राथमिकता दिइएको उनको भनाइ छ।

उनकाअनुसार रसुवा, नुवाकोट र धादिङलगायतका प्रभावित क्षेत्रमा फसेका नागरिक तथा सुरक्षाकर्मीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने कार्य जारी छ। करिब ३ हजार ५०० जनालाई तत्काल बसोबास गराउन विद्यालय तथा सार्वजनिक/सामुदायिक भवनमा अस्थायी आवासको व्यवस्था गरिएको छ।

उनले चाउचाउ, बिस्कुट, स्लिपिङ ब्याग, म्याट्रेस, ब्ल्याङ्केटलगायतका राहत सामग्री १० ट्रक पठाइएको बाढी प्रभावित क्षत्रमा पठाइएको बताएका छन्। प्रभावित क्षेत्रमा अस्थायी राहत शिविर सञ्चालन गरी खाना, खानेपानी र आवश्यक आधारभूत सेवाको व्यवस्था गरिएको छ।

रेडक्रसबाट करिब ३० हजार जनालाई पुग्ने राहत सामग्री प्रभावित क्षेत्रमा पठाइएको प्रधामन्त्री शाहले बताएका छन्।

साथै ९. प्रभावित क्षेत्रमा जेनेरेटर, पोर्टेबल मोबाइल टावर, ब्याट्री, स्वास्थ्य सामग्री, टेन्ट तथा फलाम/ढुंगा काट्ने मेसिनरी लगायतका अत्यावश्यक सामग्री हवाई तथा स्थलमार्गबाट पठाइँदै गरिएको उनको भनाइ छ।

## यस्तो छ शाहको भनाइः

आज नुवाकोट पुगेर बाढीपहिरो प्रभावित क्षेत्रको अवस्था स्वयं अवलोकन गरी काठमाडौं फर्किएँ। प्रभावित नागरिक, स्थानीय जनप्रतिनिधि, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी तथा उद्धार र राहतमा खटिनुभएका सबैसँग प्रत्यक्ष रूपमा जानकारी लिएँ।अवस्था अझै चुनौतीपूर्ण छ। राज्यका सबै संयन्त्र पूर्ण क्षमतामा परिचालित छन्। अहिले हाम्रो पहिलो प्राथमिकता एक-एक नागरिकको जीवनरक्षा, बेपत्ताको खोजी तथा उद्धार, घाइतेको उपचार र प्रभावित परिवारलाई तत्काल राहत पुऱ्याउनु हो।

१. खोजी तथा उद्धार कार्यलाई उच्च प्राथमिकता दिँदै नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीका कुल १३,२९५ सुरक्षाकर्मी परिचालन गरिएको छ। यसमा नेपाल प्रहरीका ७,२५०, नेपाली सेनाका ४,२०० र सशस्त्र प्रहरी बलका १,८४५ जना रहेका छन्। नेपाली सेनाको Joint Operation Committee, NDRRMA को Quick Action Team तथा PMO को Rapid Action Team मार्फत निरन्तर समन्वय र अनुगमन भइरहेको छ।

२. हवाई तथा स्थलमार्गबाट उद्धार कार्य निरन्तर भइरहेको छ। आज ६९ वटा हवाई उडान सञ्चालन गरी ५७३ जनाको उद्धार गरिएको छ। थप हेलिकप्टरहरू कतबलमदथ अवस्थामा राखिएका छन् र निजी हेलिकप्टरलाई समेत सरकारी command तथा coordination प्रणालीअन्तर्गत उद्धार र राहतमा परिचालन गरिएको छ। हवाई उद्धारमा बिरामी, गर्भवती तथा सुत्केरी महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपांगता भएका व्यक्तिलाई प्राथमिकता दिइएको छ।

३. रसुवा, नुवाकोट र धादिङलगायतका प्रभावित क्षेत्रमा फसेका नागरिक तथा सुरक्षाकर्मीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने कार्य जारी छ। करिब ३,५०० जनालाई तत्काल बसोबास गराउन विद्यालय तथा सार्वजनिक/सामुदायिक भवनमा अस्थायी आवासको व्यवस्था गरिएको छ।

४. प्रभावित नागरिकको तत्काल राहतका लागि रसुवामा १ करोड, नुवाकोटमा १ करोड र धादिङमा ५० लाख रुपैयाँ परिचालन गरिएको छ। चाउचाउ, बिस्कुट, स्लिपिङ ब्याग, म्याट्रेस, ब्ल्याङ्केटलगायतका राहत सामग्री १० ट्रक पठाइएको छ भने थप खाद्य तथा गैरखाद्य सामग्री हेलिकप्टरमार्फत समेत प्रभावित क्षेत्रमा पुऱ्याइँदैछ।

५. प्रभावित क्षेत्रमा अस्थायी राहत शिविर सञ्चालन गरी खाना, खानेपानी र आवश्यक आधारभूत सेवाको व्यवस्था गरिएको छ। नेपाल रेडक्रस, नेपाल स्काउट, लायन्स क्लब तथा अन्य स्वयंसेवी संस्थाका संयन्त्रसमेत राहत र उद्धारमा परिचालित छन्। रेडक्रसबाट करिब ३०,००० जनालाई पुग्ने राहत सामग्री प्रभावित क्षेत्रमा पठाइएको छ।

६. स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र (HEOC) सक्रिय गरिएको छ। वीर अस्पताल, ट्रमा सेन्टर, शिक्षण अस्पताल, सिभिल अस्पताल, पाटन अस्पताल तथा प्रहरी अस्पताललाई कतबलमदथमा राखिएको छ। वीर र ट्रमा सेन्टरमा १००/१०० तथा पाटन अस्पतालमा ६० आपत्कालीन शय्या तयार गरिएको छ। आवश्यकताअनुसार मेडिकल टोली, औषधि, एम्बुलेन्स र रक्तसञ्चार सेवा परिचालन गरिएको छ।

७. प्रभावित तथा घाइते नागरिकको निःशुल्क उपचार सुनिश्चित गरिएको छ। ट्रमा सेन्टर, वीर अस्पताल, त्त्ज लगायतका अस्पतालबाट मेडिकल टोली आवश्यक औषधि र उपकरणसहित परिचालन गरिएको छ। धुलिखेल अस्पताललगायतका स्वास्थ्य संस्थालाई समेत तयारी अवस्थामा राखिएको छ।

८. प्रभावित क्षेत्रमा आवश्यक राहत तथा उद्धार सामग्रीको आपूर्ति प्रणाली व्यवस्थित गरिएको छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित राष्ट्रिय आपतकालीन गोदामघर, नुवाकोटको बट्टारस्थित नेपाली सेनाको मैथिली ब्यारेक र धादिङको बैरेनी ब्यारेकमा राहत सामग्री संकलन गरी आवश्यकता र प्राथमिकताका आधारमा प्रभावित क्षेत्रमा पठाउने व्यवस्था गरिएको छ।

९. प्रभावित क्षेत्रमा जेनेरेटर, पोर्टेबल मोबाइल टावर, ब्याट्री, स्वास्थ्य सामग्री, टेन्ट तथा फलाम/ढुंगा काट्ने मेसिनरीलगायतका अत्यावश्यक सामग्री हवाई तथा स्थलमार्गबाट पठाइँदैछ। विपद् व्यवस्थापनमा प्रयोग हुने फिल्ड अस्पताल सेट (BHISHMA CUBE) समेत त्रिशूलीतर्फ पठाइएको छ।

१०. दूरसञ्चार सेवा पुनःस्थापनालाई आपत्कालीन प्राथमिकतामा राखिएको छ। हालसम्म नेपाल टेलिकमका ३८ र ल्अर्भा का ३२ गरी कम्तीमा ७० वटा टावर/साइट बन्द भएका छन्। प्राविधिक टोली, जेनेरेटर र ब्याट्री हेलिकप्टरमार्फत प्रभावित क्षेत्रमा पुऱ्याई सेवा पुनःस्थापनाको काम भइरहेको छ।

११. प्रभावित नागरिकलाई तत्काल निःशुल्क सञ्चार सुविधा उपलब्ध गराइएको छ। नेपाल टेलिकमले दैनिक २ जीबी डाटा, ५० एसएमएस र निःशुल्क भ्वाइस कल तथा Ncell ले समेत निःशुल्क भ्वाइस/डाटा र एसएमएस सुविधा उपलब्ध गराएका छन्। अस्थायी मोबाइल कनेक्टिभिटी तथा मोबाइल चार्जिङ सुविधा विस्तार भइरहेको छ।

१२. सडक, पुल, खानेपानी, विद्युत् तथा दूरसञ्चारलगायत अत्यावश्यक पूर्वाधारको तत्काल पुनःसञ्चालनलाई उच्च प्राथमिकता दिइएको छ। सम्बन्धित मन्त्रालय, विभाग तथा निकायलाई आवश्यक जनशक्ति, उपकरण र स्रोत तत्काल परिचालन गरी क्षतिग्रस्त संरचनाको क्षति मूल्यांकन र पुनःसञ्चालनको काम द्रुत गतिमा अघि बढाउन निर्देशन गरिएको छ।

१३. नेपाल विद्युत् प्राधिकरणसँगको समन्वयमा इएन्ध तथा विद्युत् संरचनाको पुनःस्थापनाको काम अघि बढाइएको छ। अत्यधिक प्रभावित क्षेत्र र उद्धार तथा राहत कार्यमा प्रत्यक्ष सहयोग पुऱ्याउने संरचनालाई प्राथमिकताका साथ पुनःसञ्चालन गरिँदैछ।

१४. प्रभावित क्षेत्रमा इन्धनको अभाव हुन नदिन आवश्यक व्यवस्था गरिएको छ। नुवाकोटका भैरवी, सूर्यमती तथा पञ्चकन्या आयल स्टोरमा डिजल २३ हजार लिटर र पेट्रोल ६ हजार लिटर मौज्दात रहेको छ। आज थप डिजल १५ हजार लिटर र पेट्रोल १५ हजार लिटर पठाइएको छ। हवाई इन्धन ८ हजार लिटर मौज्दात रहेकोमा थप ९ हजार लिटर पठाइएको छ।

१५. प्रभावित क्षेत्रको वास्तविक अवस्था र क्षतिको यथार्थ विवरण संकलन गर्न ड्रोन सर्वेक्षण तथा स्थलगत मूल्यांकन भइ रहेको छ। फसेका नागरिक, अवरुद्ध सडक तथा पहुँचको अवस्था पहिचान गरी उद्धार र राहतलाई अझ लक्षित र प्रभावकारी बनाइँदैछ।

१६. सम्भावित थप जोखिमलाई ध्यानमा राख्दै नदी तटीय क्षेत्रका नागरिकलाई उच्च सतर्कता अपनाउन आग्रह गरिएको छ। भोटेकोशी तथा त्रिशूली नदीको बहाव, सम्भावित पहिरो तथा अन्य जोखिमको निरन्तर निगरानी भइरहेको छ। रसुवा, नुवाकोट, धादिङ, गोरखा तथा चितवनका जोखिमयुक्त नदी तटीय क्षेत्रका नागरिकलाई सुरक्षित स्थानमा जान आग्रह गरिएको छ।

१७. राहत तथा उद्धार कार्यलाई थप प्रभावकारी बनाउन संघ, प्रदेश, स्थानीय तह, सुरक्षा निकाय, स्वास्थ्य संस्था, रेडक्रस, स्वयंसेवी संस्था तथा विकास साझेदारबीच निरन्तर समन्वय भइ रहेको छ। सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा स्थानीय तहलाई आवश्यकता पहिचान गरी तत्काल प्रतिकार्य गर्न निर्देशन गरिएको छ।

१८. मृतकका परिवारलाई प्रचलित कानूनबमोजिम आर्थिक सहायता उपलब्ध गराउने तथा मृतकको पहिचान र शव व्यवस्थापनलाई व्यवस्थित रूपमा अघि बढाइएको छ।

१९. विपद्पछिको राहत तथा पुनःस्थापनाका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोग परिचालन भइरहेको छ। भारतबाट राहत सामग्री प्राप्त भएको छ भने अमेरिका, EU, WHO, IFRC लगायतका अन्तर्राष्ट्रिय साझेदारसँग आवश्यक सहयोग र समन्वय भइरहेको छ। निजी क्षेत्र तथा नागरिकस्तरबाट प्राप्त सहयोगलाई समेत एकीकृत रूपमा परिचालन गरिँदैछ।

२०. सरकारले अबको सम्पूर्ण ध्यान नागरिकको जीवनरक्षा, बेपत्ताको खोजी तथा उद्धार, घाइतेको उपचार, प्रभावित परिवारलाई तत्काल राहत र सुरक्षित बसोबास तथा क्षतिग्रस्त अत्यावश्यक पूर्वाधारको शीघ्र पुनःस्थापनामा केन्द्रित गरेको छ। सबै तहका सरकारी संयन्त्रलाई पूर्ण क्षमतामा परिचालन गरिएको छ। उद्धार तथा राहत कार्यका लागि आवश्यक स्रोत र साधनको कुनै कमी हुन दिइने छैन।हामी अहिले पनि काममै छौँ। यो संकटको घडीमा सरकार प्रभावित नागरिकसँगै छ। उद्धार र राहत कार्य पूरा नभएसम्म राज्यका सबै संयन्त्र निरन्तर मैदानमा रहनेछन्।

# रसुवा बाढीपछि .....

अपर त्रिशूली-१ आयोजनामा कार्यरत रहेको विवरणमा उल्लेख छ। बाढीपछि उहाँसँग सम्पर्क हुन नसकेको जनाइएको छ। इन्जिनियर विकास यादव त्रिशूली हाइड्रोपावरमा कार्यरत हुनुहुन्थ्यो। उहाँ शम्भुनाथ यादवका छोरा रहेको र बाढीपछि सम्पर्कविहीन भएपछि खोजतलासका लागि प्रहरीमा अनुरोध गरिएको विवरणमा उल्लेख छ।

सचिनकुमार यादव चिलिमे सब-स्टेसनमा कार्यरत रहेको जनाइएको छ। बाढीपछि उहाँसँग सम्पर्क हुन सकेको छैन।

त्यसैगरी जलेश्वर-१० का सुशिललाल दास पर्यटक गाडीका चालकका रूपमा कार्यरत रहेको र रसुवातर्फ गएको अवस्थामा बाढीपछि सम्पर्कविहीन भएको विवरणमा उल्लेख छ। जलेश्वर-९ का राकेशकुमार यादव मधेश प्रदेश ०२-००७ प ८८७ नम्बरको सेतो रङको मोटरसाइकलमा रसुवा घुम्न गएको अवस्थामा सम्पर्कविहीन हुनुभएको जनाइएको छ। लोहरपट्टी-७ का युवराज पाण्डे नुवाकोटको चिसाङपुरमा रहेको उल्लेख छ। उहाँसँग पनि बाढीपछि सम्पर्क हुन सकेको छैन। गौशाला-८ का सितल लुङ्गेली रसुवाको हाकुबेँसीबाट सम्पर्कविहीन भएको विवरणमा उल्लेख छ।

परिवार तथा आफन्तले सम्पर्कविहीन भएका सबैको अवस्था तत्काल पत्ता लगाई खोज तथा उद्धार गर्न सम्बन्धित निकायसँग आग्रह गरेका छन्। रसुवामा आएको बाढीका कारण सडक, पुल तथा सञ्चार संरचनामा क्षति पुगेकाले प्रभावित क्षेत्रमा रहेका व्यक्तिसँग सम्पर्क स्थापित गर्न कठिनाइ भइरहेको छ।

बाढी प्रभावित क्षेत्रमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी परिचालन गरी बेपत्ता तथा सम्पर्कविहीन व्यक्तिको खोजी भइरहेको छ। महोत्तरीबाट रसुवा तथा आसपासका क्षेत्रमा रोजगारी तथा अन्य कामका लागि पुगेका व्यक्तिको अवस्थाबारे थप विवरण सङ्कलन भइरहेको छ।

# बाढीपीडितका लागि मधेश सरकार,जसपा र एमालेका सांसदले ......

कठिन विपद्को घडीमा राष्ट्रिय ऐक्यबद्धता जनाउँदै मुख्यमन्त्री, मन्त्रीलगायत सम्पूर्ण पदाधिकारी र कर्मचारीको एक दिन बराबरको तलब केन्द्रीय विपद् व्यवस्थापन कोषमा दाखिला गर्ने निर्णय गरेको छ," प्रवक्ता शर्माले भन्नुभयो।

सरकारले बाढी प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत कार्यमा सहयोग गर्न मधेश प्रदेशका नागरिक, बुद्धिजीवी, उद्यमी, व्यवसायी, समाजसेवी तथा आमसञ्चार क्षेत्रलाई समेत आह्वान गरेको छ।

यसैबीच, मधेश प्रदेश सभाको प्रमुख प्रतिपक्षी दल जसपा नेपालको संसदीय दलले पनि बाढी तथा पहिरो प्रभावितका लागि आफ्ना प्रदेश सभा सदस्यको एक दिन बराबरको तलब सहयोग गर्ने निर्णय गरेको छ।

जसपा नेपालका संसदीय दलका नेता तथा मधेश प्रदेशका पूर्वमुख्यमन्त्री सरोजकुमार यादवले राहत तथा विपद् व्यवस्थापनका लागि प्रदेश सभामा रहेका पार्टीका २६ जना सांसदको एक दिनको तलब सहयोग गर्ने निर्णय गरिएको जानकारी दिनुभयो।

"बाढी र पहिरोका कारण भएको प्राकृतिक विपत्तिको यस घडीमा सहयोग पुऱ्याउन मधेश प्रदेश सभामा रहेका जसपा नेपालका सम्पूर्ण २६ जना प्रदेश सभा सदस्यको एक दिन बराबरको तलब राहत कोषमा जम्मा गर्ने निर्णय गरेका छौं," यादवले भन्नुभयो।

भोटेकोशी र त्रिशूली नदीमा आएको बाढीबाट विभिन्न जिल्लामा ठूलो जनधनको क्षति भएको छ। बाढीबाट सडक, पुल, बस्ती, जलविद्युत् आयोजना तथा अन्य भौतिक संरचनामा क्षति पुगेको छ भने कैयौँ नागरिक सम्पर्कविहीन तथा बेपत्ता भएका छन्। प्रभावित क्षेत्रमा सुरक्षा निकायले खोज तथा उद्धार कार्य जारी राखेका छन्।

त्यसैगरी नेकपा (एमाले) मधेस प्रदेश संसदीय दलले रसुवाको भोटेकोसी नदीमा आएको भीषण बाढीबाट प्रभावित नागरिकका लागि आफ्नो एक दिनको तलब सहयोग गर्ने निर्णय गरेको छ। एमाले मधेस प्रदेश संसदीय दलका नेता सरोजकुमार यादवले बिहीबार सूचना जारी गर्दै संसदीय दलका सम्पूर्ण प्रदेशसभा सदस्यहरूको एक दिनको तलब रसुवा बाढीपीडितका लागि सहयोग गर्ने निर्णय भएको जानकारी दिएका हुन्।

भोटेकोसी नदीमा आएको भीषण बाढीका कारण भएको जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै संसदीय दलले विपद्को यस घडीमा प्रभावित परिवारप्रति समवेदना प्रकट गरेको छ।

साथै, बाढी तथा पहिरोमा परी ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरिएको छ।

एमाले मधेस प्रदेश संसदीय दलले विपद्बाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाका लागि सबै पक्षबाट आवश्यक सहयोग र सहकार्य हुनुपर्नेमा जोड दिएको छ।

# औरही नगरपालिकाले ५ लाख रुपैयाँ सहयोग गर्ने

रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीबाट प्रभावित नागरिकको उद्धार तथा राहतका लागि औरही नगरपालिकाले ५ लाख रुपैयाँ सहयोग गर्ने घोषणा गरेको छ। औरही नगरपालिकाले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा पाँच लाख रुपैयाँ सहयोग गर्ने घोषणा गरेको छ। नगर प्रमुख प्रदीपकुमार खड्काले विपद्को कठिन घडीमा भोटेकोशी बाढीबाट प्रभावित परिवारप्रति ऐक्यबद्धता जनाउँदै नगरपालिकाको तर्फबाट उक्त रकम सहयोग गर्ने घोषणा गर्नुभएको हो।

नगरपालिकाले विपद्मा परेका नागरिकको उद्धार तथा राहतका लागि सहयोग आवश्यक रहेको भन्दै प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रकम उपलब्ध गराउने जनाएको छ। नगर प्रमुख खड्काले विपद्बाट प्रभावित परिवारलाई सहयोग गर्न स्थानीय सरकारको साथ र सहयोग निरन्तर रहने बताउनुभएको छ।

**सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं**

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

**सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार**

**लक्ष्मीनियाँ गाउँपालिका, धनुषा**

**सर्पको टोकाइबाट बचौं र बचाऔं**

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफुकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

**गणेशमान चारनाथ नगरपालिका, धनुषा**



# भोटेकोशी बाढीपीडितका लागि गौतम होटल परिवारद्वारा १ लाख ५१ हजार सहयोग

**जीवनराज दाहाल**

**भदौ ११ गते, बर्दिवास**

भोटेकोशी क्षेत्रमा आएको भीषण बाढीबाट प्रभावित तथा पीडित परिवारको सहयोगका लागि महोत्तरीको बर्दिबासस्थित गौतम होटल र धनुषा लालघाटस्थित गौतम होटल परिवारले संयुक्त रूपमा १ लाख ५१ हजार रुपैयाँ सहयोग गरेका छन्।

बाढीका कारण कैयौं परिवार शोक, पीडा र अनिश्चितताको अवस्थामा पुगेको भन्दै गौतम होटल परिवार ले विपद्मा परेका नागरिक तथा पर्यटकहरूको खोज, उद्धार र राहतमा सहयोग पुऱ्याउने उद्देश्यले उक्त रकम प्रदान गरेको हो।

गौतम होटलको तर्फबाट १ लाख रुपैयाँ र होटल परिवारका कर्मचारीहरूको तर्फबाट ५१ हजार रुपैयाँ गरी जम्मा १ लाख ५१ हजार रुपैयाँ सहयोग गरिएको जनाइएको छ।

गौतम होटल परिवारले बाढीमा ज्यान गुमाउने सम्पूर्णप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गरेको छ। साथै, सम्पर्कविहीन नागरिक तथा पर्यटकहरूको शीघ्र खोज तथा उद्धार हुनुपर्ने र प्रभावित सबैले आवश्यक राहत पाउनुपर्नेमा जोड दिएको छ।



विपद्को समयमा आफ्नो सामर्थ्यअनुसार गरिएको सानो सहयोगले पनि पीडित परिवारलाई राहत र निराश मनमा आशा जगाउन सक्ने भन्दै गौतम होटल परिवारले अन्य व्यक्ति तथा संस्थालाई समेत सहयोगका लागि अघि आउन आग्रह गरेको छ।

गौतम होटल परिवारले आफ्नो सहयोगलाई विपद्मा परेकाहरूसँग मानवताको हातेमालो गर्ने सानो प्रयासका रूपमा लिँदै दुःखमा परेका परिवारलाई एक्लो महसुस हुन नदिने प्रतिबद्धता व्यक्त गरेको छ।

# रसुवा बाढीः मृत्यु हुनेको संख्या ३८९ पुग्यो

**खबर दर्पण समाचारदाता**

**भदौ ११ गते, बर्दिवास**

रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीपछि उद्धार तथा खोजी कार्यलाई तीव्रता दिइएको छ।

नेपाल प्रहरीले बिहीबार साँझ ५ बजेसम्मको विवरण सार्वजनिक गर्दै बाढीमा परी २८ जना प्रहरी कर्मचारी अझै सम्पर्कविहीन रहेको जनाएको छ।

प्रहरीका अनुसार बाढी प्रभावित विभिन्न क्षेत्रमा खोज तथा उद्धार का लागि ४ हजार ३४८ जना प्रहरी परिचालन गरिएको छ।

बाढीपछि हालसम्म विभिन्न जिल्लामा गरी ३५८ जनाको शव फेला परेको प्रहरीले जनाएको छ।

नेपाल प्रहरीले बिहीबार साँझ सार्वजनिक गरेको विवरण अनुसार चितवनमा मात्रै १३७ जनाको शव फेला परेको छ। त्यसैगरी नवलपरासी पूर्वमा ८७, गोरखामा ३२, नुवाकोटमा २८, तनहुँमा २८ र नवलपरासी पश्चिममा २७ जनाको शव भेटिएको प्रहरीले जनाएको छ।

यसैगरी, बाढी तथा त्यसबाट प्रभावित क्षेत्रमा घाइते भएका ६३ जना काठमाडौंका विभिन्न अस्पतालमा उपचाररत छन्। तीमध्ये ३१ जना त्रिवि शिक्षण अस्पताल, २२ जना ट्रमा सेन्टर , २ जना नर्भिक अस्पताल, २ जना वीर अस्पताल, २ जना मनमोहन अस्पताल र ग्रान्डी, मनमैजु शुभम्, ग्रिन सिटी तथा वीरेन्द्र सैनिक अस्पतालमा एक-एक जना उपचाररत रहेको प्रहरीले जनाएको छ।

प्रहरीले सम्पर्कविहीन कर्मचारी तथा बाढीमा हराइरहेका व्यक्तिको खोजी कार्य जारी र हेको जनाएको छ।

बाढी प्रभावित क्षेत्रमा सुरक्षा, उद्धार तथा राहत व्यवस्थापनका लागि ४ हजार ३८४ जना सुरक्षाकर्मी परिचालन गरिएको छ।

**सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं**

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

**सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार**

**मुखियापट्टी मुसरनिया गाउँपालिका, धनुषा**

**सर्पको टोकाइबाट बचौं र बचाऔं**

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

**धनुषाधाम नगरपालिका, धनुषा**

**सचेत उपभोक्ता बनौं**

**सामान खरिद गर्दा देहायका विषय एकिन गरौः**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैंकिङ माध्यमबाट भुक्तानी गरौं**

**भुक्तानी गरेको मूल्य बराबरको बिल लिऔं**

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

**स्वच्छ शहरः स्वस्थ्य शहर**

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-बिरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं।**

**गौशाला नगरपालिका, महोत्तरी**

**बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं**

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

**सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं**

**मटिहानी नगरपालिका, महोत्तरी**

**कृषि उत्पादनमा आत्मनिर्भर बनौं**

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, बीउ समयमै उपलब्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलब्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

**कृषि पेशा प्रति सम्मान र गौरव गरौं।**

**औरही नगरपालिका, महोत्तरी**

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,